# इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.

# Infinity Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट ''घ'' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) फोन नं.: ०७८-५०३३०१,

इमेलः info@infinitylbsl.com.np


# Interim Financial Statements of FY 2080/81

## Condensed Statement of Financial Position
## As on Quarter ended 30th Aswin 2080

Amount (NPR)

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 343,677,495 | 193,201,967 |
| Statutory Balances and due from Nepal Rastra Bank | 24,317 | 24,317 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loan and advances to MFIs & Cooperatives | - | - |
| Loans and Advances to Customers | 4,498,998,527 | 4,340,270,164 |
| Investment Securities | 1,000,000 | 1,000,000 |
| Current Tax Assets | 44,174,237 | 35,956,777 |
| Investment Property | - | - |
| Property and Equipment | 63,007,893 | 85,648,397 |
| Goodwill and Intangible Assets | 7,272,159 | 7,399,784 |
| Deferred Tax Assets | 9,596,360 | 9,596,360 |
| Other Assets | 179,446,005 | 79,171,954 |
| **Total Assets** | **5,147,196,994** | **4,752,269,720** |
| **Liabilities** | | |
| Due to Bank and Financial Instituions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,273,164,867 | 1,319,298,142 |
| Borrowing | 2,900,892,821 | 2,521,563,991 |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 288,519,591 | 231,450,642 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total liabilities** | **4,462,577,279** | **4,072,312,774** |
| **Equity** | | |
| Share Capital | 497,415,942 | 497,415,942 |
| Share Premium | - | - |
| Retained Earnings | (6,963,206) | 22,656,010 |
| Reserves | 194,166,979 | 159,884,994 |
| **Total Equity** | **684,619,715** | **679,956,945** |
| **Total Liabilities and Equity** | **5,147,196,994** | **4,752,269,720** |

## Condensed Statement of Profit & Loss
## For the Quarter ended 30th Aswin 2080

Amount (NPR)

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 166,240,578 | 166,240,578 | 166,653,046 | 166,653,046 |
| Interest Expense | 107,680,517 | 107,680,517 | 110,985,508 | 110,985,508 |
| **Net Interest Income** | **58,560,061** | **58,560,061** | **55,667,538** | **55,667,538** |
| Fee and Commission Income | 16,580,746 | 16,580,746 | 27,801,534 | 27,801,534 |
| Fee and Commission Expense | - | - | - | - |
| **Net Fee and Commission Income** | **16,580,746** | **16,580,746** | **27,801,534** | **27,801,534** |
| **Net Interest, Fees and Commission Income** | **75,140,807** | **75,140,807** | **83,469,073** | **83,469,073** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **75,140,807** | **75,140,807** | **83,469,073** | **83,469,073** |
| Impairment Charge/(reversal) for Loans and Other Losses | 13,666,694 | 13,666,694 | (13,038,145) | (13,038,145) |
| **Net operating income** | **61,474,113** | **61,474,113** | **70,430,928** | **70,430,928** |
| **Operating Expense** | **56,239,858** | **56,239,858** | **61,134,448** | **61,134,448** |
| Personnel Expenses | 39,850,872 | 39,850,872 | 42,878,483 | 42,878,483 |
| Other Operating Expenses | 11,705,447 | 11,705,447 | 16,808,596 | 16,808,596 |
| Depreciation & Amortization | 4,683,539 | 4,683,539 | 1,447,370 | 1,447,370 |
| **Operating Profit** | **5,234,254** | **5,234,254** | **9,296,480** | **9,296,480** |
| Non-Operating Income | - | - | - | - |
| Non-Operating Expense | - | - | - | - |
| **Profit before Income Tax** | **5,234,254** | **5,234,254** | **9,296,480** | **9,296,480** |
| Income Tax Expense | | | | - |
| Current Tax | 1,570,276 | 1,570,276 | 2,788,944 | 2,788,944 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **3,663,978** | **3,663,978** | **6,507,536** | **6,507,536** |
| **Condensed Statement of Comprehensive Income** | | | | |
| Profit for the period | 3,663,978 | 3,663,978 | 6,507,536 | 6,507,536 |
| Other Comprehensive Income | | | | |
| **Total comprehensive income for the period** | **3,663,978** | **3,663,978** | **6,507,536** | **6,507,536** |
| **Earnings per share** | | | | |
| Basic earnings per share | 0.74 | 0.74 | 1.57 | 1.57 |
| Annualized Basic Earnings Per Share | 2.95 | 2.95 | 6.28 | 6.28 |
| Diluted earnings per share | 2.95 | 2.95 | 6.28 | 6.28 |

## Ratio as per NRB Directives

| Particulars | Current Year | | Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | - | 12.14% | - | 12.50% |
| Non Performing Loan (NPL) to Total Loan | - | 4.88% | - | 4.80% |
| Total Loan Loss Provision to Total NPL | - | 50.11% | - | 26.51% |
| Cost of Funds | - | 10.26% | - | 10.67% |
| Credit to Deposit & Borrowing Ratio | - | 110.48% | - | 114.15% |
| Base Rate | - | 16.38% | - | 15.98% |
| Interest rate spread | - | 4.74% | - | 4.32% |

| Interest Rate | |
|---|---|
| 1. Deposits : 7.5% - 10% | 2. Loan & Advance : 15% |

## Statement Of Distributable Profit or Loss
## For the Quarter ended 30th Aswin 2080

| Particulars | Current Year Upto This Qtr (YTD) |
|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **3,663,978** |
| **Appropriation:** | |
| a. General reserve | 732,796 |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | 36,640 |
| e. Employees' training fund | - |
| f. Client Protection Fund | 36,640 |
| g. Other | - |
| **Profit or (loss) before regulatory adjustment** | **2,857,903** |
| **Regulatory adjustment :** | (35,496,950) |
| a. Transferred to Regulatory Reserve | (35,496,950) |
| b. Transferred from Regulatory Reserve | |
| **Net Profit for the First Qtr end 2080/81 available for distirubtion** | **(32,639,047)** |
| **Opening Retained Earning** | **22,656,010** |
| Adjustment (+/-) | 3,019,831 |
| **Total Distributable profit or (loss) as on Qtr end date** | **(6,963,206)** |

### Notes to Interim Financial Statement:

1. The above figures are subject to change upon regulator's instruction and/or statutory auditors.
2. The detail interim financial report has been published in the website.
3. The Microfinance has applied alternative treatment in the crave out issued by the Institute of Chartered Accounts of Nepal with respect to the Impairment of Loans & Advances.
4. Personnel expenses include the Provision for Employee Bonus.
5. Loans & Advances are presented net of Impairment charges.
6. Acturial Valuation will be done on annual basis for Employee Benefit.
7. The difference in profit as per the NFRS and GAAP has been transferred to Regulatory Reserve.
8. Previous period figures are regrouped/ rearranged/ restated wherever necessary for consistent presentation and comparision.

## धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ अनुसूची १४(नियम २६ को उपनियम (१) संग सम्बन्धित)
## आ.व. २०८०/८१ को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** चालु आ.व. २०८०/८१ को प्रथम त्रयमासको अपरिष्कृत वित्तीय विवरणहरु वासलात, नाफा नोक्सान हिसाब, वितरणयोग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ । जसलाई वित्तीय संस्थाको वेबसाइट www.infinitylbsl.com.np मा पनि राखिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिक) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात | पूँजीकोष अनुपात |
|---|---|---|---|---|---|
| रु.२.९५ | २२३.५९ | रु. १३७.६४ | रु. १०३४.७९ | ९.४८% | १२.१४% |

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** वित्तीय बजारमा देखिएको लगानी योग्य रकमको अभाव, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सापटीमा वृद्धि भएको ब्याजदर, लागत मूल्यमा भएको वृद्धि र निष्कृय कर्जा अनुपातमा भएको बृद्धिका कारण कर्जा नोक्सानी व्यवस्था बढेको देखिन्छ भने कर्जा वितरणमा आएको कमी लगायत वर्तमान समयमा लघुवित्त संस्था विरुद्ध देखिएको गतिबिधिका कारण बचत तथा कर्जा संकलनमा कमी आएको हो । यद्यपी संस्थाको समग्र कार्यक्रम सन्तोषजनक हुनुको साथै व्यावसायिक योजना अनुरुप नै रहेको छ ।

(ख) **आगामी वर्षको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले आफ्नो व्यवसायलाई प्रबर्द्धन गर्ने क्रममा ९५ वटा शाखा कार्यालयमार्फत ९९,७४९ सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ । यस वित्तीय संस्थाद्वारा समुहमा आबद्ध आफ्ना सदस्यहरुलाई विभिन्न शाखा कार्यालयहरु मार्फत कृषिसँग सम्बन्धीत व्यवसायिक तरकारी तथा पशुपालन तालिम प्रदान गर्दै आएको छ । साथै संस्थाले ग्राहक, ग्राहकका घरपरिवार लगायत समाजमा रहेका विभिन्न वर्गहरुलाई समय समयमा वित्तीय साक्षरता सम्बन्धी ज्ञान अभिवृद्धि गर्ने कार्यक्रमहरु गर्दै आएको छ । वित्तीय संस्थाका सेवा तथा सुविधाहरुलाई प्रविधिमैत्री र वित्तीय पहुँच अभिवृद्धि गर्ने उद्देश्य र ग्राहकहरुलाई छिटो, छरितो, सहज, पारदर्शी, विश्वसनिय र न्युन लागतमा सेवा प्रवाह गर्न नवीनतम प्रविधिको डिजिटल माध्यमहरु Mobile Banking, E sewa, Khalti, IME Pay, SMS Alert को प्रयोग गरेको छ भने NCHL मार्फत पनि कारोबार गर्न सकिने गरी आधुनिक बैंकिङ प्रणालीको प्रयोगमा अझ विस्तार गरेको छ । नयाँ क्षेत्रमा कार्यक्रम विस्तारका साथै वित्तीय सेवामा पहुँच नपुगेको क्षेत्रमा शाखा विस्तार गरी विपन्न तथा पिछडिएका समुदायलाई वित्तीय सेवा प्रदान गर्ने कार्य योजना अनुरुप कार्यक्रम अघि बढाईएको छ । संस्थाले ग्राहकको आवश्यकतामा आधारित रहि विभिन्न खालका योजना सहितको सेवा सुबिधाहरुमा प्रभावकारी रुपमा परिस्कृत गर्दै लैजान व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : लघुवित्त संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ्य प्रतिस्पर्धा, लघुवित्त विरुद्ध संघर्ष समितीको क्रियाशिलताका कारण बचत तथा कर्जा असुलीमा समस्या पर्न गइ खराब कर्जाको वृद्धिदर साथै कर्जा नोक्सानी व्यवस्थामा भएको वृद्धि, बाह्य वातावरणीय प्रभावको कारण ग्राहकहरुमा कर्जाको किस्ता भुक्तानीमा परेको समस्या, लगानी योग्य रकमको अभाव, स्रोतको अपर्याप्तता र परनिर्भरता, कर्जा/सापटीको ब्याजदरमा उच्च बृद्धिका कारण संस्थालाई पर्ने प्रभावलाई व्यवस्थापन गर्न व्यवस्थापन पक्षले आफ्नो उच्च व्यवस्थापकीय कौशलता प्रयोग गर्न र उपयुक्त समयमा उचित निर्णय लिन प्रतिबद्ध रहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी व्यवस्था :**

(क) **यस त्रैमासिक अवधिमा वित्तीय संस्था बिरुद्ध कुनै मुद्दा दायर भए** : यस त्रैमासिक अबधिमा वित्तीय संस्था बिरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको छैन ।

(ख) **यस वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले संस्थापक वा सञ्चालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको** : कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) **कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भए** : कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा** : दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि संस्थाले नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा शेयर सूचीकृत गराइ कारोबार भईरहेको छ ।

(ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम, कारोबार भएको कुल दिन तथा कारोबार संख्या** : नेपाल स्टक एकस्चेन्ज लिमिटेडको वेवसाईड www.nepalstock.com का अनुसार प्रथम त्रैमास अवधिको शेयर सम्बन्धी कारोबार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार भएको कुल दिन | कारोवार संख्या | कारोवार शेयर संख्या |
|---|---|---|---|---|---|
| रु. ७४२.५० | रु. ५७५.१० | रु. ६२२.०० | ६१ दिन | २,०१४ | १,०२,८७७ कित्ता |

**५. समस्या तथा चुनौती :**

**क) आन्तरिक समस्या तथा चुनौती :** बढ्दो प्रतिस्पर्धाका कारण दक्ष जनशक्तिको अभाव, कर्जा योग्य लगानी रकमको अभाव, शाखा कार्यालयको बृद्धिसँगै सञ्चालन खर्चमा बृद्धि र खुद ब्याजदर अन्तर सन्तुलन गर्न चुनौती रहेको छ ।

**ख) बाह्य चुनौतीहरु** : नेपालको अर्थतन्त्रमा देखा परेको आर्थिक शिथिलता, विश्व शक्ति राष्ट्रहरुको द्वन्द्वबाट सिर्जित मुद्रास्फिर्ती र आर्थिक मन्दीका कारण भएको ब्याजदर बृद्धीसँगै तरलतामा असर पर्न गएको छ । लघुवित्त वित्तीय संस्था विरोधी कार्यक्रम (लघुवित्त वित्तीय संस्था विरुद्ध संघर्ष समिती) तथा ग्राहकहरुमा कर्जाको किस्ता भुक्तानीमा परेको समस्या, संस्थाहरुबीच देखिएको तिब्र प्रतिस्पर्धा, कर्जा दोहोरोपनाले सञ्चालन लागत वृद्धि हुन गई संस्थाको मुनाफामा समेत प्रत्यक्ष असर पर्ने देखिन्छ । साथै बजार संकुचित हुँदै जानु र ग्रामीण क्षेत्रमा वित्तीय सेवा सञ्चालन गर्नको लागि आवश्यक न्युनतम भौतिक पुर्वाधारको कमीले गर्दा सो क्षेत्रहरुमा कार्यकम विस्तार गर्न चुनौती रहेको छ ।

**ग) समाधानका रणनीतिहरु** : आन्तरिक तथा वाह्य समस्या र चुनौतीहरुको विश्लेषण र साबधानी अपनाई कारोबार विस्तार गर्न व्यवस्थापनले उच्च सर्तकता अपनाएको छ । आफ्नो कार्यक्षमता अभिवृद्धि गरी स्तरीय सेवा प्रदान गर्नको लागि कर्मचारीहरुलाई आवश्यक तालिम दिने तथा निजहरुलाई संस्थाप्रति आवद्ध राख्नको लागि यथोचित रणनीति अवलम्वन गरिएको छ । कोषको अभाव, सञ्चालन खर्च, र ब्याजदर अन्तर व्यवस्थापन गर्न आन्तरिक बचतलाई विशेष ध्यान दिइएको छ । प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको पहिचान उच्च राख्न ग्राहक मैत्री सेवा सुबिधाहरु प्रदान गर्नुका साथै आधुनिक समाज सुहाउँदो वित्तीय सेवा तथा सुबिधा प्रदान गरिरहेको र थप सुबिधा प्रदान गरिने नीति लिएको छ । कोषको लागत, संकुचित बजार र ग्रामीण क्षेत्रमा कारोबार बढाउनको लागि इक्विटि र बचतमा बृद्धि, नयाँ स्थानहरुको सम्भाव्यता अध्ययन र सूचना तथा प्रबिधिमा लगानी गरी समस्या तथा चुनौतीहरुको समाधान गरिएको छ । साथै, नेपाल राष्ट्र बैंकको निर्देशानुसार प्रदान गरिने विभिन्न सुबिधाहरु लगायत उपयुक्त परामर्श र सेवाहरु प्रदान गर्दै संस्थाको समग्र जोखिम व्यवस्थापनको आधारभुत पक्षलाई मजबुत बनाई उल्लेखित चुनौतिको समाधान गर्ने र आन्तरिक खर्चमा मितव्ययिता अपनाई निर्धारित लक्ष्य प्राप्त गरिने रणनीति अवलम्वन गरिएको छ ।

६. **संस्थागत सुशासन** : यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी भएका संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ पालना गरेको छ । संस्थाले प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा तथा बचत नीति लगायतका आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ । संस्थाले आफ्नो कारोबार चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक प्रणालीलाई प्रभावकारी बनाउन लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका अन्य प्रचलित नियमावली अनुसारका समितिहरु मार्फत कार्य सम्पादन गर्ने गरिएको छ ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सू(सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।